Voice : A Biannual & Bilingual Journal
*2025 December, Vol : 17, No. 2, pp.144-157*
DOI : https://doi.org/10.3126/voice.v17i2.92306

# विभिन्न धर्ममा प्रचलित अन्त्येष्टि संस्कार

हरि प्रसाद तिमिल्सिना[1]

**Article Information : Received :** Sep. 15, 2025 **Revised :** Oct. 15, 2025 **Accepted :** Dec. 21, 2025

## सारसङ्क्षेप

*प्रस्तुत आलेखमा हिन्दु, बौद्ध, इस्लाम र इसाई धर्ममा मृत्युसंस्कार केकस्ता छन् र केकसरी अन्तिमसंस्कार गरिन्छ भन्ने कुराको अध्ययन गरिएको छ । हिन्दु धर्ममा जन्मदेखि मृत्युसम्मका प्रमुख १६ संस्कारहरू छन् । तीमध्ये मृत्युसंस्कार सबैभन्दा संवेदनशील र महत्वपूर्ण रहेको छ । यसैगरी बौद्ध, इस्लाम र इसाई धर्ममा गरिने अन्तिमसंस्कार को अध्ययन गर्दा हिन्दु धर्ममा मुख्यतः दाहसंस्कार (जलाउने) र थारुलगायत केही हिन्दुहरूको जमिनमुनि गाड्ने संस्कार रहेको पाइयो । बौद्ध धर्ममा र इस्लाम धर्ममा जमिनमुनि गाडेर अन्तिमसंस्कार गर्ने प्रचलन रहेको पाइन्छ भने इसाई धर्ममा पनि जमिनमुनि गाडेर नै व्यक्तिको मृत्यु भएपछि अन्तिमसंस्कार गर्ने प्रचलन गरहेको छ । यिनै विभिन्न धर्मअन्तर्गतका जातजाति, भाषभाषीहरूका आआफ्नै संस्कार र संस्कृतिहरू रहेका छन् । हिन्दु धर्मका १६ संस्कारसहित विश्वमा प्रचलित विभिन्न धर्म र समुदायका मुख्यतः धार्मिक दृष्टिले चार वटा धर्ममा गरिने अन्त्येष्टि संस्कारको अध्ययन गरी जानकारी दिने प्रयास यहाँ गरिएको छ ।)*

**शब्दकुञ्जी :** रीतिरिवाज, वैदिक, संस्कार, धर्मशास्त्र, मनुस्मृति आदि ।

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज, बाँके
इमेल : timilsina119@gmail.com
Orcid : https://orcid.org/0009-0003-6085-0154

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषय प्रवेश**

मानव विकास सँगसँगै विकासित धर्म, संस्कृति र सामाजिक संस्कारमा अविच्छिन्न सम्बन्ध रहेको छ। मानव समुदायमा प्रचलित संस्कारहरू पनि धर्मसंस्कृतिसँग जोडिएको हुन्छ । विभिन्न जात, धर्म, समुदायहरूमा जन्मदेखि मृत्युसम्म गरिने अनेकौँ परम्परा, संस्कार एवं रीतिरिवाजहरू छन् । यसरी हेर्दा संस्कारहरूको लामो शृङ्खला बन्न पुग्दछ। अझ सनातन हिन्दु धर्ममा त वैदिक वाङ्मय, ब्राह्मण ग्रन्थ, पुराण, रामायण, महाभारत हुँदै श्रुतिस्मृति र वैदिक एवं लौकिक वाङ्मयसम्म सुदीर्घ परम्परामा संस्कारहरू विकासित भएका छन् ।

सदाचार, शास्त्रविहित कर्म, उपकार, कुनै पनि महापुरुषले चलाएको सम्प्रदाय, व्यक्तिमा रहरिहने गुण वा मुलवृत्तिलाई धर्म भनिन्छ। विश्वमा सनातन, बौद्ध, जैन, स्लाम, इसाई (यहुदी र क्रिस्चियन), सिन्तो, पारसी, कन्फ्युसियस, फेटिस्ट र एमिनिस्ट गरी एघार वटा प्रमुख धर्म र ती अन्तर्गतका आआफ्नै किसिमका सम्प्रदायहरू प्रचलित छन् ।

वैशेषिक सूत्रका अनुसार अभ्युदय र मोक्षको सिद्धि गराउने कर्मलाई धर्म भनिएको छ। न्यायशास्त्रले वैदिक कर्म गर्नु धर्म भन्ने उल्लेख गरेको छ। अमरकोशमा वेदले बताएका सदाचार र यज्ञादि गर्नु नै धर्म हो भन्ने उल्लेख गरिएको छ। यज्ञवल्क्यस्मृतिमा देश (हत्या, हिंसा, अत्याचार नभएको), काल (संक्रान्ति, जन्माष्टमी आदि पर्वको दिन), उपाय (धर्मशास्त्रमा उल्लेख भए अनुसार कर्म गर्ने विधि, संस्कार) द्रव्य (अरुलाई कुनै वाधा नपारी प्राप्त धन प्रेम र श्रद्धासाथ दिनु वा लिनु) लाई धर्म भनिएको छ। श्रुति (वेद), स्मृति (धर्मशास्त्र), सदाचार (कुल परम्परादेखि वा विद्वान् आस्तिक विशिष्ट व्यक्तिबाट चलाइएको धार्मिक प्रचलन) र शास्त्रसम्मत आफ्नो आत्मालाई प्यारो लाग्ने कर्म नै धर्म हो। विष्णु धर्मोत्तर अनुसार यज्ञ, दान, तपस्या, दया, क्षमा, सत्य, अहिंसा, तीर्थ, सेवा, स्वाध्याय, सत्सङ्ग, देउपूजा, गुरुमातृपितृसेवा, ब्राह्मणसेवा, इन्द्रिय निग्रह, ब्रह्मचर्य, अमात्सर्य, गङ्गास्नान, हरिहर पुजन, नारायणध्यान र आत्मचिन्तन धर्म हुने कर्म हुन्। मनुस्मृतिले दुनियाँलाई सुरक्षित राख्ने यो लोक र परलोक दुवै सपार्ने कर्म नै धर्म हो। धर्मद्वारा नै लोकको रक्षा हुन्छ भन्ने उल्लेख गरेको छ। यिनै धार्मिक मान्यताहरूबाट नै संस्कारको विकास भएको हो ।

सम् धातुमा कृ + ति (क्तिन) प्रत्यय मिलेर संस्कृति शब्दको निर्माण भएको हो । ऋग्वेदमा संस्कारलाई संस्कृत शब्द उल्लेख गरिएको छ। यसको अर्थ शुद्ध हुनु हो। सनातन हिन्दु शास्त्रहरू श्रुति र स्मृति गरी दुई किसिमले विकासित भएका छन्। श्रुतिअन्तर्गत वेद पर्दछ। सनातन हिन्दुहरूको मूल धर्मग्रन्थ वेद हो। वेद नै हिन्दुहरूको मूल धर्मग्रन्थ वा धार्मिक संविधान हो । वेद वैदिक संहिताका रूपमा मन्त्रका रूपमा रहेको छ। वेदपछि आरण्यक र ब्राह्मणग्रन्थहरू रहेका छन्। हिन्दु धर्ममा ईश्वर एक भए पनि नाम अनेक छन्। ब्रह्म वा परमतत्त्वलाई हिन्दु सनातन धर्मले मूल रूपमा लिने गर्दछ। ईश्वरसँग प्रेम गर्ने र प्रेरणा लिने कार्य हिन्दु धर्ममा गरिन्छ। परोपकारलाई पुण्यका रूपमा लिइएको छ। जीवसेवाबाट परमात्माको सेवा हुन्छ भन्ने उच्च मानवतावादी विचार सनातन हिन्दु धर्मको विशेषता हो। हिन्दु धर्ममा नारी आदरणीय छन्। सतित्व पुरुष र स्त्री दुवैका निम्ति बनाइएको शुद्ध आचारणको र एकभक्तिको नियम हो। हिन्दु धर्म र वेदवेदाङ्गले

पर्यावरणलाई महत्त्व दिएकाले हिन्दु धर्मका कैयौँ सांस्कारिक प्रसङ्गहरू विज्ञानसम्मत छन् । हिन्दुहरूका पर्वहरू व्यक्ति, परिवार र समुदायको खुसीसँग सम्बन्धित छन् । सनातन हिन्दु धर्ममा गायत्री मन्त्र सर्वोच्च मानिन्छ । सर्वधर्म समभाव, उदारता, परोपकार, सहअस्तित्त्व र सहिष्णुताजस्ता हिन्दु धर्मका विशेषताहरू छन् । सनातन हिन्दु धर्ममा धृति, क्षमा, दम, स्तप, सुचिता, इन्द्रियनिग्रह, धिरता, ज्ञान, सत्य र अक्रोधजस्ता लक्षणहरू उल्लेख गरिएका छन् । हिन्दु धर्ममा वैष्णव, शैव, शाक्त र स्मार्त गरी चार सम्प्रदायलाई समान रूपमा लिइन्छ । हिन्दु धर्ममा सत्व, रजो र तम तीन गुण रहेका छन् । वेदको सारका रूपमा उपनिषद्हरू विकसित भए । उपनिषद्को सारका रूपमा गीता रहेको छ । वेदको भाषा कठिन भएकाले वेदको श्रुतिबाट स्मृतिग्रन्थको निर्माण गरियो । वेदमा रहेका आचार, व्यवहार, पद्धति र सिद्धान्तहरूलाई स्मृरण गरेर सरल, लौकिक, संस्कृत सम्प्रेष्य भाषामा विभिन्न महर्षिहरूले स्मृतिग्रन्थहरू निर्माण गरेका छन् । ऋषिमुनिहरूले निर्माण गरेका यस्ता स्मृतिग्रन्थहरू २८ वटा छन् । यी मध्ये मनुस्मृति, यज्ञवल्क्यस्मृति, नारदस्मृति, गौ तमस्मृति, व्यासस्मृतिलगायत सात आट वटा स्मृतिग्रन्थहरू प्रमुख छन् । पूराण, रामायण, महाभारत, गीतालगायत ग्रन्थहरू पनि स्मृतिग्रन्थअन्तर्गत पर्दछन् । यी ग्रन्थहरूको कुनै न कुनै रूपमा हिन्दु आचार व्यवहार एवं संस्कारसँग सम्बन्धित छन् ।

ऋषिमुनिहरूले मानवजीवनलाई शुद्ध, पवित्र एवं मर्यादित बनाउने उद्देश्यले स्थापित गरेका कैयौँ संस्कारहरू उपर्युक्त स्मृतिग्रन्थहरूबाट निसृत छन् । प्राचीन समयमा हिन्दुहरू आफ्ना प्रायः कर्महरूलाई संस्कारबाटै थालनी गर्दथे । समयक्रमसँगै जनजीवन व्यस्त हुनगयो र संस्कारहरू पनि कम हुँदै गए । गौतम ऋषिले आफ्नो स्मृति ग्रन्थमा ४० वटा संस्कारहरू उल्लेख गरेका छन् । अङ्गिराले २५ वटा र व्यासले १६ वटा संस्कार आआफ्ना स्मृतिग्रन्थमा उल्लेख गरेका छन् । कालान्तरमा व्यास लिखित १६ वटा संस्कारमै हिन्दु धर्ममा सामान्यतः प्रचलित छन् ।

## समस्या तथा उद्देश्य

हिन्दु धर्मलगायत विश्वका प्रचलित प्रमुख धर्म बौद्ध, इस्लाम र इसाई समुदायमा मानिसको मृत्यु भएपछि केकसरी मृत्युसंस्कार गरिँदो रहेछ भन्ने यस यस अध्ययनको मूल समस्या हो । हिन्दु, बौद्ध, इस्लाम र इसाई धर्मावलम्बीहरूले मृतकको अन्त्येष्टि कसरी गर्दा रहेछन् भन्ने जिज्ञासाको समाधान गर्नु र उपर्युक्त धर्ममा प्रचलित प्रमुख अन्त्येष्टिसंस्कार (अन्तिमसंस्कार) को अध्ययन गरी जानकारी दिनु यस अध्ययनको उद्देश्य हो ।

## अध्ययनविधिः

**अनुसन्धानको ढाँचा :** प्रस्तुत अध्ययनमा गुणात्मक प्रकृतिको अनुसन्धानात्मक ढाँचा अँगालिएको छ । लिखित दस्तावेजहरूबाट प्राप्त तथ्याङ्कहरूलाई तार्किक विधिद्वारा अध्ययन एवं विश्लेषण गरी प्राप्त तथ्यहरूका आधारमा निष्कर्षमा पुग्ने कार्य गरिएको छ ।

**जनसङ्ख्या तथा अनुमना छनौट :** प्रस्तुत अध्ययनमा हिन्दु, बौद्ध, इस्लाम र इसाई धर्मका अन्तिमसंस्कारसित सम्बन्धित लिखित ग्रन्थ एवं कृतिहरूलाई जनसङ्ख्याका रूपमा लिई नमुना छनौट पद्धतिका आधारमा उद्देश्यमूलकरूपमा आवश्यक जानकारी एवं तथ्यहरूको छनौट गरिएको छ ।

**तथ्याङ्कसङ्कलन :** यस अध्ययनको मूल समस्याको समाधान गरी उद्देश्यप्राप्तिका निम्ति हिन्दु, बौद्ध, इस्लाम र इसाई धर्ममा प्रचलित अन्त्येष्टिसंस्कारका बारेमा लेखिएका पुस्तकहरू, पत्रपत्रिकाहरू एवं लेख रचनाहरूलाई उपयोग गरिएको छ । उपर्युक्त सामग्रीहरू पुस्तकालयीय कार्यका माध्यमबाट सङ्कलन गरी तथ्य एवं आवश्यक विवरणहरूलाई प्राप्त गरी अध्ययन र विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ । सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयलाई प्रमुख स्रोतका रूपमा उपयोग गरिएको छ ।

**तथ्याङ्कसङ्कलनका साधन :** यस अध्ययनमा औँल्याइएको समस्या समाधान गरी उद्देश्य प्राप्त गर्न सम्बन्धित धर्मका निर्धारित मृत्युसंस्कारसित सम्बन्धित ग्रन्थ एवं पुस्तकहरूलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने मृत्युसंस्कारसित सम्बन्धित लेखरचनाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी यिनै दस्तावेजबाट प्राप्त तथ्यहरूको अध्ययनविश्लेषणबाट निष्कर्ष निकालिएको छ ।

**तथ्याङ्कविश्लेषण प्रक्रिया :** अध्ययनबाट प्राप्त तथ्यहरूको वर्णन, व्याख्याविश्लेषण एवं पुस्ट्याइँका लागि धर्म, संस्कार र संस्कृतिसमेतको सङ्क्षिप्त अध्ययन गरी धर्म र संस्कारका बिच तादात्म्य कायम गरी निष्कर्षमा पुग्ने कार्य गरिएको छ । सैद्धान्तिक अध्ययनका लागि निगमन विधिको प्रयोगबाट विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

विभिन्न जात, धर्म, समुदायमा जन्मदेखि मृत्युसम्मका संस्कारहरू प्रचलित छन् । जन्मदेखि मृत्युसम्मका अनेकौँ संस्कार, परम्परा र रीतिरिवाजहरूको लामो परिम्परा र शृङ्खला रहेको छ । हिन्दु धर्ममा वैदिक वाङ्मय, ब्राह्मण गन्थ, पुराण, रामायण, महाभारत हुँदै श्रुतिस्मृति परम्परादेखि लौकिक वाङ्मयसम्म संस्कारहरू सुदीर्घ परम्परामा विकसित भएका छन् । सदाचार, शास्त्रविहित कर्म, उपकार, कुनै महापुरुषले चलाएका सम्प्रदाय, व्यक्तिमा रहिरहने गुण वा मूलवृत्ति नै धर्म हो । संसारमा सनातन, बौद्ध, जैन, इस्लाम, इसाई (यहुदी र क्रिस्चियन), सिन्तो, पारसी, कन्फ्युसियस, फेटिस्ट, एनिमिस्टलगायत ११ वटा प्रमुख धर्मको उल्लेख विभिन्न धर्मग्रन्थमा गरिएको छ। यीमध्ये सनातन हिन्दु, बौद्ध, इस्लाम र इसाई चार वटा धर्म प्रमुख छन् भने यीअन्तर्गत विभिन्न धार्मिक सम्प्रदायहरू छन् । वैशेषिक सूत्रअनुसार अभ्युदय र मोक्षको सिद्धि गराउने कर्म धर्म हो । न्यायशास्त्रका अनुसार वैदिक कर्म गर्नु धर्म हो भने अमरकोशले वेदले बताएका सदाचार एवं यज्ञादि गर्नु नै धर्म हो भन्ने उल्लेख गरेको छ । सम् धातुमा कृ+ति (क्तिन) प्रत्यय लागेर संस्कृति शब्द बनेको हो । ऋग्वेदमा संस्कृत शब्दलाई संस्कारको अर्थका रूपमा प्रयोग गरिएको छ। संस्कारको अर्थ शुद्ध हुनु हो । सनातन हिन्दु शास्त्रहरू श्रुति र स्मृति दुई प्रकारका छन् । श्रुतिअन्तर्गत वेद पर्दछ । यो सनातन (हिन्दु) धर्मको प्रमुख धर्मग्रन्थ हो । हिन्दुहरूको धार्मिक संविधान मानिने वेद वैदिक समिताका रूपमा मन्त्रमा रहेको छ। वेदपछि आरण्यक र ब्राह्मण ग्रन्थ क्रमशः छन्। सनातन हिन्दु धर्मका परोपकारलाई पुण्यका रूपमा लिएर जीवसेवाबाट परमात्मासेवा हुन्छ भन्ने उच्च मानवतावादी दृष्टिकोण हिन्दु धर्मको विशेषता हो । सनातन हिन्दु धर्मका नारी आदरणीय छन् भने वेदवेदाङ्गले पर्यावरणलाई महत्व दिएको पाइन्छ । सनातन हिन्दु धर्ममा गायत्री मन्त्र सर्वोच्च मन्त्र हो भने सर्वधर्मसमभाव, उदारता, परोपकार, सहअस्तित्व र

सहसहिंष्णुता, धृति, क्षमा, दम, तप, सुचिता, इन्द्रियनिग्रह, ज्ञान, सत्य, अक्रोधजस्ता लक्षणहरू छन् । सत्व, रजो र तम तीन गुण, वैष्णव, सैव, शाक्त र स्मार्त चार सम्प्रदाय हिन्दु धर्ममा रहेका छन् । यिनै धर्म, सम्प्रदाय, विशेषताभित्र सुदीर्घ परम्परामा विकसित संस्कारहरूमध्ये सनातन (हिन्दु), बौद्ध, इस्लाम र इसाई धर्मका मृत्युसंस्कारलाई यहाँ अध्ययन गरिएको छ ।

**हिन्दु धर्मका संस्कारहरू**

हिन्दु धर्मको ऐतिहासिक नाम सनातन धर्म हो । यसको जरा वेदमा रहेको छ । सनातन धर्म भनेको शाश्वत धर्म हो । हिन्दु धर्ममा दशकर्म, दशदानको विधान गरिएको छ । व्यक्ति जन्मेपछि जातकर्म, नाभिच्छेदन, व्रतबन्ध, छैटी, न्वारान, नामकरण, अन्नप्राशन, चूडाकर्म, विवाह र अन्त्येष्टि संस्कारहरूलाई दशकर्मका रूपमा उल्लेख गरिएको छ । यसैगरी गौ, भूमि, तिल, धान्य, सुन, चाँदी, घिउ, गुण, वस्त्र, नुन दशदानको विधान गरिएको छ । दशदान अब उक्त व्यक्ति बाँच्दैन भन्ने निश्चित भइसकेपछि मृत्युशैय्यामा रहेको व्यक्तिको स्वर्गप्राप्तिको कामनासहित परिवारजनले उपर्युक्त दशदान गर्ने र दशदानपछि वैतरणी गोदान गर्नुपर्ने व्यवस्था गरिएको छ (गरुडपुराण, प्रेतखण्ड, ४/४) । सनातन हिन्दु धर्ममा १६ संस्कारको उल्लेख गरिएको छ । हिन्दु धर्ममा प्रचलित उपर्युल्लिखित १६ संस्कारहरूमध्ये मूलतः जन्मसंस्कार, शैक्षिकसंस्कार, विवाहसंस्कार र मृत्युसंस्कार गरी चार किसिमले विभाजन गर्न सकिन्छ । यिनमा पनि नामकरण, यज्ञोपवित, विवाह र अन्त्येष्टि चार वटा संस्कार प्रमुख छन् । अन्य संस्कारहरू नगरे पनि यी चार वटा संस्कार सनातन हिन्दु धर्मका अनिवार्य गरिँदै आएका छन् । १६ वटा संस्कारमध्ये गर्भधारणको समेत संस्कार रहेको हिन्दु सनातन धर्मका संस्कारहरू समृद्ध र विकसित छन् । गर्भधारणदेखि मृत्युपर्यन्त जीवनका महत्त्वपूर्ण अवस्थामा सम्पन्न गरिने यस्ता १६ वटा संस्कारहरू विधिपूर्वक सम्पन्न गर्न शास्त्रले उल्लेख गरेका छन् । सबैभन्दा पहिलो जन्मिनुपूर्वको गर्भाधान संस्कारमा विधिविधानपूर्वक गरिएको गर्भाधान कर्मबाट असल र योज्ञ सन्तान जन्मने अपेक्षा हिन्दु धर्मले गरेको छ । गर्भधारणको तीन महिनामा पुंसवन संस्कार गरिन्छ । यसैगरी चौथो, छैटौं र आठौं महिनामा गर्भवती नारीले शुभमुहूर्तमा कपाल कोर्ने, मनमा राम्रा, असल विचारहरू ल्याउने, शान्त स्वभावमा रहने उल्लेख गरिएको छ । यसबाट गर्भको सन्तान असल र गुणयुक्त होस् भन्ने कामनाले यो सीमान्तोनयन संस्कार गरिन्छ । जन्मेको बालकमा कुनै दोष नरहोस्, स्वस्थ होस् भन्ने उद्देश्यले जातकर्म संस्कार गरिन्छ । नवजात शिशुलाई ज्योतिषशास्त्रअनुसार पहिचान दिन एघारौँ दिनमा नामकरण संस्कार गरिन्छ । यसलाई चलनचल्तीमा न्वारान भन्ने गरिन्छ ।

यसैगरी छ महिनामा शिशुलाई आमाको दुधले मात्र पोषण नपुग्ने भएकाले अन्न खुवाउने अन्नप्राशन संस्कार गरिन्छ । यो संस्कार मनोशारीरिक वृद्धि र विकासका दृष्टिले महत्त्वपूर्ण छ । चूडाकर्म संस्कार पनि सनातन हिन्दु संस्कारमा महत्त्वपूर्ण मानिन्छ । जन्मदेखिका शिरमा उम्रेका केशलाई प्रथमपटक क्षौर गर्ने संस्कार चूडाकर्म हो । छोरा जन्मेको तीन वर्ष वा पाँच वर्षमा विधिपूर्वक केश मुन्डन गर्दा सन्तान तेजिलो हुने विश्वास गरिन्छ । वैज्ञानिक दृष्टिकोणले शिरमा रहेका किटाणु, फोहर गएर नयाँ सफा केश आउने र यसबाट शिर बलियो हुने वैज्ञानिक दृष्टिकोण रहेको छ । हिन्दु धर्ममा कर्णभेद वा कान छेड्ने संस्कार पनि

महत्त्वपूर्ण छ। वर्तमान समयमा चिकित्सकीय रूपमा महत्त्वपूर्ण मानिएको अक्युपन्चर प्रणालीसँग सम्बन्धित कर्णभेद कर्मबाट उपयुक्त किसिमले मस्तिष्कमा रक्तप्रवाह हुने, श्रवण शक्ति बढ्ने आभूषण लगाउन र ज्योतिषशास्त्रीय मतानुसार कर्णभेदबाट यौनेन्द्रिय पुष्ट हुने उल्लेख गरिएको छ। यसैगरी राहुकेतुको प्रवाह कर्णभेद संस्कारले रोक्ने जसता वैज्ञानिक र विश्वसनीय कारण रहेका छन् । उपनयन संस्कार सनातन हिन्दुहरूको महत्त्वपूर्ण संस्कार हो । विधिविधानसहित यज्ञोपवित धारण गर्ने कर्म उपनयन संस्कार हो । हिन्दु धर्ममा यज्ञोपवितका तीन वटा डोरीलाई ब्रह्मा, विष्णु र महेशको प्रतीक मानिन्छ। हिन्दुहरू यज्ञोपवित विधिपूर्वक धारण गर्नाले र त्यसलाई निरन्तरता दिनाले बल, बुद्धि तेज हुने र अध्यात्मिक भाव जाग्रत हुने विश्वास गर्दछन् । यज्ञोपवित धारणपश्चात् जीवनलाई सार्थक र सफल तुल्याउने अर्को महत्त्वपूर्ण सनातन हिन्दु संस्कार वेदारम्भ, अक्षरारम्भ वा शिक्षारम्भ संस्कार हो । चूडाकर्मअघि मुण्डन गरिन्छ र ब्रह्मचर्यमा रहेर वेदवेदाङ्ग अध्ययन गर्न वा ज्ञान प्राप्त गर्न आचार्यका आश्रममा पठाइने गरिन्छ । ब्रह्मचर्यमा रहेर वेदवेदाङ्ग अध्ययन, विभिन्न असल संस्कारहरूबाट सुसंस्कृत भइसकेपछि गृहपुनरागमन गर्दा केशान्त संस्कार गर्ने शास्त्रमा उल्लेख छ । यो जीवनको महत्त्वपूर्ण सिकाइको अवस्था हो । गृहपुनरागमनलाई समावर्तन संस्कारका रूपमा उल्लेख गरिएको छ। ज्ञान, गुण र शीलस्वाभावले सुसंस्कृत भएको अवस्थालाई पुनर्जन्म वा दोस्रो जन्मका रूपमा द्विज भन्ने गरेको पाइन्छ। हाल गुरुआश्रम वा आचार्यकहाँ जाने परम्परा विद्यालयहरूको स्थापना र घरआँगनमै शिक्षा आर्जनको सुविधाले कम भएको ।

मानवजीवनमा एकपटक गरिने विवाह संस्कारलाई सनातन हिन्दु धर्मले अति महत्त्वका साथ लिएको छ । ज्योतिषीय विधानअनुसार वरवधु दुवै मिलेर साथ रहने, जीवन सुखद बनाउने र साथसाथ जीवनलाई सफलतापूर्वक गृहस्थ धर्म सञ्चालन गर्ने उद्देश्यले विवाह संस्कार सम्पन्न गरिन्छ। ज्योतिष शास्त्र प्रामाणिक शास्त्र भएकाले वरवधुको जीवनलाई ज्योतिषीय विधानअनुसार हेरी वरवधुका मनोशारीरिक आवश्यकताका साथै सन्तानोत्पत्तिद्वारा समेत सुख र सन्तोष प्राप्त गर्ने र मानवजीवनलाई सार्थक बनाउने महत्त्वपूर्ण संस्कार विवाह संस्कार हो । विवाह संस्कारले वरवधुको औपचारिक सम्बन्धको स्थापना गरी वैधानिकता प्रादान गर्दै एकअर्काप्रतिको समर्पण, गोत्र परिवर्तन, सम्पूर्ण दायित्व पतिले ग्रहण गर्ने प्रतिज्ञा, पतिपत्नी दुवैले मिलेर गृहस्थ धर्मको सञ्चालन अनुशासित रूपले गर्ने प्रतिज्ञा गर्ने र सामाजिक रूपमा मान्यता प्रदान गर्दछ।

मानव संस्कारहरूले व्यक्तिलाई नैतिक एवं अनुशासित बनाउँदै सुसभ्य रूपमा जीवनयापन गर्ने र आदर्श जीवनको उचाइमा पुग्न प्रेरणा प्रदान गर्दछन् । सभ्यताको विकास र विस्तारसँगै अन्य धर्म र समुदायबाट अनुकृत जन्म र वैवाहिक वार्षिकोत्सव मनाउने संस्कार हिन्दु परम्पराभन्दा भिन्न छ । त्यसलाई अपनाउँदै बत्ती निभाउने गर्न थालिएको छ । आयातित संस्कार ग्रहण गर्दा हिन्दु धर्ममा अष्टचिरञ्जीवीको पूजा गरी रातभर ननिभ्नेगरी दीप पालेर मनाउने संस्कारलाई विकृत तुल्याइएको छ ।

**अन्त्येष्टिसंस्कार**

सनातन हिन्दु धर्ममा अन्त्येष्टिसंस्कार वा अन्तिम संस्कार र दाहसंस्कार वा अत्येष्टि गरी छुट्टछुट्टै रहेका छन् । हिन्दु धर्मावलम्बीहरूको मृत्युसंस्कार विशिष्ट प्रकृतिको छ। मृत्युसंस्कार वा अन्तिम संस्कारमा दाहसंस्कार वा

अन्त्येष्टि पछिका कर्महरूलाई लिन सकिन्छ । मानवजीवनकै अन्तिम संस्कार वा कर्म अत्येष्टि वा दाहसंस्कार हो । मानिसको मृत्यु भएपछि शवको सुरक्षित व्यवस्थापन गर्ने सभ्य संस्कारका रूपमा अन्त्येष्टिलाई लिइन्छ । अन्त्येष्टि संस्कार सबै धर्म जात वा सम्प्रदायमा पाइन्छ । मृतकले जीवनमा गरेका सत्कर्मको सम्झना, उसप्रतिको श्रद्धा र सम्मानसहित शवको अन्त्येष्टि गर्ने विधि नै अन्त्येष्टि कर्म हो । विभिन्न धार्मिक वा सामाजिक समुदायमा मृतकलाई सम्झने, श्रद्धा गर्ने, आआफ्नै परम्परा रहेको छ र आआफ्नो धार्मिक विश्वास अनुसार नै सबै धर्म वा सम्प्रदायमा अन्त्यष्टि गर्ने गरिन्छ । विभिन्न सांस्कृतिक धार्मिक वा जातीय समुदायहरूको आआफ्नै किसिमले मृतकलाई सुख र कल्याण होस भन्ने भावनाले अन्त्येष्टि कर्म गरिन्छ । मृतकप्रति शोक व्यक्त गर्नु, आफन्तको वियोगमा रहेका परिवारजनप्रति आत्मीयता र सहानुभूति प्रकट गर्नु, मृतकका सत्कर्मको स्मरण गर्नु जस्ता कर्महरू सबै धर्मसम्प्रदायमा समान रूपमा पाइन्छ ।

सनातन हिन्दु धर्मको अन्त्येष्टि संस्कारलाई शुक्ल यजुर्वेदअन्तर्गत श्रौत्रसूत्र, गृह्यसूत्र, श्राद्धकल्पसूत्र, त्रिकण्डिकस्नानसूत्र जस्ता प्रामाणिक वैदिक ग्रन्थहरूको अनुसरण गरी अन्त्येष्टि कर्म गर्नु बढी उपर्युक्त हुन्छ । उपर्युक्त प्रामाणिक ग्रन्थहरूभन्दा पछिल्लो ग्रन्थ निर्णयसिन्धुलाई हालका समयमा बढी प्रयोग गरेको पाइन्छ । यसलाई पुनः संशोधन गरी शुल्कयजुर्वेदीय, पारस्करगृहसूत्रका आधारमा अन्त्यकर्म पद्धति बनाउने कार्य नेपालमा भएको शिवराज आचार्य कौण्डिन्यायनले आफ्नो अन्त्यकर्मपद्धति ग्रन्थमा उल्लेख गरेका छन् । पुनर्जन्ममा विश्वास गर्ने र स्वर्गनर्कको मान्यता राख्ने सनातन हिन्दु धर्ममा यस जीवनलाई भन्दा परलोकको जीवनलाई महत्त्व दिन्छन् । सनातन हिन्दु धर्ममा आत्मा अमर हुन्छ र शरीर जीर्ण भएपछि आत्माले शरीरलाई त्याग गर्छ । यही अवस्था व्यक्तिको मरण हो भन्ने मान्यता रहेको छ । हिन्दु धर्म मात्र यस्तो धर्म हो जसमा पुनर्जन्मको उल्लेख गरिएको छ । श्रीमदभागवत् गीताको दोस्रो अध्यायको बिसौँ श्लोकमा "आत्मा न त कहिल्यै जन्मन्छ न मर्छ यो त अजन्म अविनाशी र सनातन हुन्छ" -

न जायते म्रियते वा कदाचिन्नाऽयं भूत्व भविता या न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ॥

अतः मानिसको शरीर मरे पनि आत्मा मर्दैन भनिएको छ । त्यसैले परलोकको सुखका लागि अन्त्येष्टि वा अन्तिम संस्कार अनिवार्य र महत्त्वपूर्ण मानिन्छ । गरुडपुराणको तेह्रौं अध्यायमा ब्राह्मणको दश दिन, क्षेत्रीको १२ दिन, वैश्यको १५ दिन र शुद्रको ३० दिनमा सुतक शुद्धि हुने उल्लेख गरिए पनि समयक्रममा सबै जात र वर्गले बढीमा तेह्र दिन मात्र बार्ने गरेका छन् । यस सन्दर्भमा आफ्ना मृतकको शोक यति दिन नै मनाउने भन्नु उपयुक्त हुँदैन । १९९८ कार्तिक १६ गते श्री ३ जुद्ध सम्सेर राणाले १३ दिनभन्दा बढी क्रिया गर्न नपाइने आदेश जारी गरेपछि (बानिया, पृ.१८) छुट्टछुट्टै क्रिया गर्ने परम्परा कानुनी रूपमा १३ दिन बन्न पुगेको हो । दाहसंस्कारपछि तेह्र दिनसम्म शुद्धतापूर्वक नुन, तेल, बेसार, दाललगायतका पदार्थहरू बर्जित गरी कसैसँग नछोई छुट्टै बसी नौ दिनसम्म नियमित कर्म गर्दै दसौँ दिनमा दशदिने दाजुभाइसमेत जम्मा भई छुट्टै कर्म गरिन्छ । एघारौँ, बाह्रौँ र तेह्रौँ दिनमा मृतकको आत्माका मोक्ष र परलोक सुखप्राप्तिका निमित्त विभिन्न विशेष कर्महरू गरिन्छ । सडक दुर्घटना, पानीमा डुबेर वा बगेर मृत्यु भएको, आगलागीबाट मृत्यु भएको लगायतका

आकष्मिक दुर्घटनाबाट मृत्यु भएका मृतकको अझ छुट्टै विधिद्वारा मोक्षप्राप्तिको कामना गरिन्छ । तेह्र दिनसम्म विशेषरूपमा पितृमोक्षको कामनासहित क्रियाकर्म सम्पन्न गरिन्छ। पश्चिमका पहाडी जिल्लाहरूमा तेह्रौं दिनमा नुन खान नमिल्ने अवस्था वा अन्य कुनै विशेष कारणमा बाह्रौं दिनमै सपिण्डीलगायत सम्पूर्ण क्रियाकर्म सम्पन्न गरी शुद्ध हुने चलन रहेको छ । तेह्रौं दिनमा आफन्त इष्टमित्र, नातागोता र दाहसंस्कार मा संलग्न मलामीहरू तथा नौ दिनभित्र दसौँ दिन वा एघारौँ दिनमा समवेदना प्रकट गर्न वा सहभागी हुन आएका व्यक्तिहरूलाई पितृप्रसाद ग्रहण गराउँदा मृतकको आत्मले मोक्ष प्राप्त गर्ने कुरा मृत्युसंस्कारसम्बन्धी ग्रन्थमा उल्लेख गरिएको छ । सोही दिन चेलीबेटी, ज्वाइँचेलाहरूलाई दानदक्षिण गरी पितृमोक्षको कामना गरिन्छ। सनातन हिन्दु धर्मको मृत्युसंस्कारमा तेह्र दिनको क्रियाकर्मले मात्र पुग्दैन। तत्पश्चात् मासिक श्राद्ध, ४५ दिने श्राद्ध, षड्मासिक श्राद्ध, वार्षिक श्राद्ध (बरखी) गरी एक वर्षसम्म पितृको मुक्तिको कामना गरिन्छ। प्रत्येक वर्ष र तिथिश्राद्ध र पितृपक्षको श्राद्ध जीवनपर्यन्त गर्ने परम्परा रहेको छ। तेह्र दिनको कर्मभित्रै शोकमा रहेका मृतकका परिवारहरूले पुरोहितबाट अठार पुराणमध्येको एक गरुड पुराण सुन्ने परम्परासमेत रहेको छ। अन्त्येष्टि कर्म गर्ने कर्तव्य छोरा, नाति, दाजुभाइहरूको हुन्छ भन्ने हिन्दु धार्मिकग्रन्थहरूमा उल्लेख गरिएको छ। गौतम धर्मसूत्रमा पुत्र नभएमा सपिण्डी दाजुभाइ, आमाका सपिण्डी बन्धु र शिष्यले श्राद्धकर्म गर्न सक्ने र यी कोही नभएमा कुलपुरोहित वा गुरुले गरिदिनसक्ने उल्लेख गरिएको छ (गौतम धर्मसूत्र, १५/१३-१४)। मार्कण्डेय पुराणमा उपर्युक्त विधानका अतिरिक्त पुत्रीका छोराहरू र ती पनि नभए पत्नीले गर्न सक्ने उल्लेख गरिएको छ (मार्कण्डेय पुराण, ३०/१९-२४)। यज्ञवल्क्यस्मृतिमा श्राद्ध गर्ने क्रम ज्येष्ठ पुत्र नभएमा क्रमशः अन्य पुत्रहरू हुने क्रम उल्लेख गरेको छ। छोरा नाति नभएमा भाइहरूमध्ये सबैभन्दा कान्छोले पिण्ड दिने उल्लेख गरिएको छ (यज्ञवल्क्यस्मृति, २/१२८-१३२)। यसरी हिन्दु धर्मग्रन्थहरूले मूलतः ज्येष्ठ छोरोलाई र क्रमशः अन्य छोराहरूलाई पिण्ड दिने अधिकारको उल्लेख गरेको छ।

अन्त्येष्टि कर्ममा शवदाह, मुण्डन, जलाञ्जली, अस्थिसञ्चयन, पिण्डदान र श्राद्ध गर्ने समय र श्राद्धस्थलसमेतको उल्लेख हिन्दु धार्मिकग्रन्थमा समिचिन रूपमा गरिएको छ । पिण्डदान वा श्राद्धका सन्दर्भमा विभिन्न पुराणहरूले आमन्त्रित ब्राह्मणमा पितृ प्रवेश गर्ने र पिण्डदान, दानदक्षिणा, ब्राह्मणभोजनबाट पितृहरू तृप्त हुने र यसबाट सन्तानको भलो हुने उल्लेख गरिएको छ। ब्रह्माण्डपुराणमा उल्लेख भएको यो प्रसङ्ग हेरौँ : जसरी ठुलो बथानमा गाईले आफ्नो बाच्छो खोजेर निकाल्छे त्यसैगरी श्राद्धको अवसरमा पढिएका मन्त्रहरूले श्राद्धमा दिइएको भोजन पितृसमक्ष पुर्याउँछन्।

हिन्दु धार्मिक ग्रन्थहरूले दुई वर्षभन्दा कम उमेरको बालकको मृत्यु भएमा नजलाई गाउँभन्दा टाढा लगेर गाड्नुपर्ने र तिलाञ्जलीजलाञ्जली दिन नहुने र आमाबाबुलाई मात्र एक वा तीन रात आशौच लाग्ने अरुले नुहाएर शुद्ध हुने उल्लेख गरेका छन्। यसैगरी दाँत नउम्रिएको र जन्मनासाथ मरेको बच्चाको पनि अग्निसंस्कार, आशौच वा जलदानादि हुँदैन भनिएको छ।

मानव सभ्यतामा कलङ्कका रूपमा रहेको सतीप्रथाको पनि हिन्दु धर्मग्रन्थहरूमा उल्लेख भएको छ। हिन्दु धर्मग्रन्थमा मृतकको देहसँगै जिउँदै जलेर ज्यान दिने अवस्थालाई सहमरण, सहगमन वा अन्वारोहण शब्द

उल्लेख गरिएको छ तर वैदिक साहित्यमा सतीप्रथाको उल्लेख भएको पाइँदैन । वेद, ब्राह्मणग्रन्थ उपनिषद् हरूमा समेत सतीप्रथाको उल्लेख पाइँदैन । सूत्रकालमा विष्णुधर्मसूत्रमा सतीप्रथाको उल्लेख गरिएको छ । ऋग्वेदमा जसले तिम्रो हात थाम्यो, जीवनभर प्रेम गर्‍यो, तिमीले उसप्रति पत्नीधर्म निर्वाह गर्‍यौ, अब ऊ मरिसकेको छ, तिमी उसको मृतदेहसँग सुतेकी छौ, उठ र तिम्रा जीवित सन्तानसम्बन्धीको लोकतिर जाऊ (१०/१८/८ ऋचामा) भनिएकाले चितामा चढेकी महिलालाई सन्तानको रेखदेखको उत्तरदायित्वमा फर्काउने आशय स्पष्ट उल्लेख भएको छ तर पनि विभिन्न कालखण्डमा हिन्दु नारीहरू सती गएको देखिन्छ ।

**अन्तिमसंस्कारका सन्दर्भमा मृत्युपूर्व मृत्युपश्चात् तत्काल गर्नुपर्ने कार्यहरू**

प्राण छोड्नुपूर्व मरणासन्न व्यक्तिलाई गङ्गाको किनारमा पुर्‍याउने उल्लेख भएको छ । त्यसैले नेपाली समाजका महाकवि लक्ष्मीप्रसाद देवकोटालगायत कैयौँ व्यक्तित्वहरूलाई मर्नुपूर्व नै आर्यघाटमा लगेर राखिएको साक्ष पाइन्छ । गङ्गातट लैजान असम्भव भएमा घरमै गोबर माटोले र गङ्गाजलले भूमि शुद्ध गरी, तिल र कुश छरी सम्भव भए कुशासनमाथि र सम्भव नभए शुद्ध सेतो कपडामा सुताउने उल्लेख गरिएको छ । गोमुत्र, गोबर, कुशजल, तीर्थजल आदिले मरणासन्न व्यक्तिलाई नुहाउने र सो सम्भव नभएमा कपडाले पुछिदिने वा त्यस्तो जल छर्केर नयाँ शुद्ध लुगा लगाइदिने, नयाँ जनै लगाइदिने, तुलसीको चन्दन वा तुलसीको जराको माटोको लेप वा गङ्गाको माटो वा भष्म लगाइदिने उल्लेख गरिएको छ। मरणासन्न व्यक्तिलाई उत्तर वा पूर्व शिरान हुनेगरी सुताउने र शिरमा तुलसीपत्र राखिदिने । अलि अग्लो बनाई शालिग्राम स्थापना गरी घिउको बत्ती बालिदिने । सम्भव भए मरणासन्न व्यक्तिको हातबाट पूजा गराउने र शालिग्रामजल, तुलसीजल वा गङ्गाजल मुखमा राखिदिने । सम्भव भएमा दशमहादान र पञ्चधेनुदान गराइदिने । सम्भव नभएमा मरणासन्न व्यक्तिबाट दानको सङ्कल्प मात्र गराई पछि दान गर्न सकिने उल्लेख गरिएको छ ।

मरणपश्चात् बाँस, कुशासन, चटाइ आदि र अर्थी २० मिटर जति सेतो नयाँ कपडा, सधवा, नारी भए शव छोप्ने ओढ्नी, सौभाग्य सामग्री, शवलाई बाँध्ने डोरी, शवलाई ओढाउने रामनामी वा सेतो वस्त्र, फूलमाला, अविर, माटाको घैँटो, पिण्ड राख्ने थाली, लोटा र दुई जोडा जनै, जौको पिठो, तिल, गाईको घिउ, कुश, सेतो फूल, मह, शवयात्रामा छर्न धानको लावा आदिको तयारी गर्ने उल्लेख गरिएको छ । दाहसंस्कारको लागि शुद्ध घिउ, पिपल, तुलसी र बेलको समिदा, श्रीखण्ड, कपुर, गाईको दुध, चिताको काठ आदि समेत तयारी गर्नुपर्ने हिन्दु धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ। मृत्युस्थानदेखि अस्थिसञ्चयनसम्म छ वटा पिण्डको विधान गरिएको छ । दश दिनसम्म दशगात्र पिण्डसहितको दशाहकर्मका रूपमा नित्य दुध र जलदानको व्यवस्था, धर्मशासत्रमा उल्लेख गरिएको छ। यसैगरी एघारौँ दिनमा सहज मृत्यु नभएका अवस्थामा नारायण वलिसमेत मध्यमशोडशीअन्तर्गत १६ वटा पिण्ड दिइन्छ। आध्यश्राद्ध, शैय्यादान, वृषोत्सर्ग, वैतरणी गोदान, उत्तमशोडशी आदि कर्म गरिन्छ भने बाह्रौँ दिनमा सपिण्डी श्राद्ध, शैय्यादान, गणेश पूजन, हवन, कुम्भदान, विविध दान, पददान, गरुडपुराणको समापन गरिन्छ। यदि पञ्चक परेको भए पञ्चकशान्तिसमेत गर्ने विधान हिन्दु धर्मशास्त्रमा उल्लेख गरिएको छ । ज्योतिषशास्त्रअनुसार २७ नक्षत्रमध्ये धनिष्ठाको उत्तरार्ध, शतभिषा, पूर्वभाद्रपद, उत्तराभाद्रपद र रेवती यी पाँच नक्षत्रहरूलाई पञ्चकको रूपमा लिइएको छ। यी नक्षत्रहरूमा मृत्यु भएमा दोष निवारण गर्न पञ्चकशान्ति गर्ने प्रचलन रहेको छ ।

यसरी सनातन हिन्दु संस्कारमा मृत्युसंस्कार वा अन्तिमसंस्कार संस्कारहरूमा सबैभन्दा जटिल, कठोर र झन्झटिलो बनाइएको छ । आत्मालाई शाश्वत मान्ने र आत्माको आश्रय वा सम्बन्ध परब्रह्म परमात्मासँग रहेको मान्ने सनातन हिन्दु धर्मशास्त्रहरूमा उपर्युक्त मृत्युसंस्कार वा अन्तिम संस्कारहरूबाट पितृमोक्ष हुने विश्वास गरिन्छ ।

**बौद्धधर्ममा अन्त्येष्टिसंस्कार**

गौतमबुद्ध नेपालमा जन्मे पनि उनले भारतमा बुद्धत्व प्राप्त गरे र नेपा, चिन, जापान, थाइलेन्ड, श्रीलङ्का, ताइवान, भुटान, कोरिया, बर्मा आदि देशमा बुद्धधर्मका अनुयायीहरू रहेका छन् । फरकफरक ठाउँ, स्थानीय संस्कृति र परम्परा अनुसार बौद्धधर्मका संस्कृतिहरूमा पनि केही न केही भिन्नताहरू रहेका छन् । नेपालमा नेवाः, बुद्धधर्म, बज्रयान परम्पराअनुसार चल्दै आएको छ । बौद्धधर्ममा मृत्युलाई अनेक ध्यानहरूद्वारा स्वाभाविक मान्ने परम्परा पाइन्छ । बौद्धधर्मले जन्म र मृत्युलाई सत्य मानेको छ । त्यसैले जन्म भएजस्तै मृत्यु पनि अनिवार्य हुन्छ र सहज रूपमा स्वीकार्नु पर्छ भन्ने मान्यता राख्दछ । विभिन्न ध्यान, मन्त्रद्वारा मृत्युलाई सहज हो भन्ने चेतना विज्ञान प्रवाहित हुन्छ । बौद्ध दर्शनअनुसार मृत्यु भए पनि उसको सूक्ष्म चेतना केही समय भौतिक शरीरमै रहन्छ भन्ने मान्यता पाइन्छ । त्यसैले मृत्यु हुनेबित्तिकै मसानघाटमा अन्तिमसंस्कारका लागि लगिँदैन । बौद्ध परम्परामा अन्त्येष्टिसंस्कार दुई प्रकारको छ । बौद्ध, भिक्षुहरूको मृत्यु भएमा मृतकलाई नुहाएर ध्यानमुद्रमै शरीरलाई ठाडो पारेर राखी शिर ठाडो रहुन्जेल ध्यानसमाधिमै रहेको मान्ने गरिन्छ । पञ्चशीलअनुसार कफन बनाइन्छ, शान्तिपाठ ध्यान गरिन्छ र उपयुक्त दिनमा अन्त्येष्टि गरिन्छ । घरपरिवारप्रति समवेदना र समर्थन गरिन्छ । बौद्धमार्गीहरूको मृत्यु हुँदा दुई-तीन दिन राखेर लामागुरुहरूद्वारा विभिन्न पूजापाठ तथा प्रणिधान (मोन्लम) पाठ गराइन्छ । सामान्यतः भद्रचर्य मोन्लम पाठ गरिन्छ । यो मोन्लम उत्तम मानिन्छ । तत्पश्चात् भवचक्रको तस्बिरसहित पञ्चरीध्वजासहित अन्त्येष्टिका लागि लगिन्छ । लामागुरुहरूबाट चितामा होम गरिन्छ । यसरी पूजापाठ र होमबाट भूतप्रेत नलाग्ने, आत्मा नभड्किने र मृतकले शान्ति प्राप्त गरी सुखवति भुवनमा जन्म लिने विश्वास गरिन्छ । बौद्धधर्मका छ गतिहरूमध्ये तीन सुगति र तीन दुर्गतिका रूपमा रहेका छन् । सुगतिमा देवलोक, मनुष्यलोक र असुरलोक तथा दुर्गतिमा पशुलोक, प्रेतलोक र नरकलोकलाई लिइएको छ । सुखवति भुवनमा जन्म सम्भव नभए पनि पशुलोक, नरकलोक र प्रेतलोकजस्ता दुर्गाति नहुने विश्वास रहेको छ । बौद्धधर्ममा १३ दिने क्रियाकर्म हुँदैन र मृत्युभोज गर्नु पाप मानिन्छ ।

बौद्धधर्ममा अन्त्येष्टि गर्दा अग्निदाह, माटोमा पुर्ने र जलमा बगाउने जस्ता परम्परागत विधि भए पनि सामान्यतः माटोमा गाड्ने वा जलाउने पद्धति पढी प्रयोग गरिएको पाइन्छ । चितामा होम गरेपछि मृतकको नाममा दीप प्रज्वलन र पूजापाठ गर्ने गरिन्छ । यसबाट आत्मा भड्किन नपाई सुखवति भुवनमा सुगतिमा जन्म हुने विश्वास गरिन्छ । विधिपूर्वक दाहसंस्कार वा अन्त्येष्टि नगरेमा पितृमोक्ष नहुने र मृतकको आत्माले शान्ति नपाउने विश्वास गरिन्छ । पार्थिव शरीरलाई दाहसंस्कार गरेपछि हप्तादिनमा दुन्छिग् (हप्तेपूजा) गरिन्छ । यसैगरी १४ वा २१, २८, ३५, ४९ दिनसम्म अन्तिम संस्कार गरी अन्तिमसंस्कार सम्पन्न हुन्छ । हिमाली

भेगमा २१ दिनमा अन्तिमसंस्कार (घेवा) गर्दछन् । यो परम्परा स्थानविशेषले फरक फरक दिनमा हुने गर्दछ । गेवाबाट घेवा भएको शब्दको अर्थ पुण्यकार्य हो । बौद्धधर्ममा मृतकको नाममा बत्ती बाल्ने, दान दिने, चौतारो पाटीपौवा बनाउने, मृतकका नाममा चैत्य निर्माण गर्ने जस्ता कर्महरू पुण्यकर्म मानिन्छन् । यस्ता कर्मले अन्तराभवबाट मुक्त भई मृतकले सुखवति भुवनमा जन्म लिई परम सुख प्राप्त गर्ने विश्वास गरिन्छ ।

**इस्लाम धर्ममा अन्त्येष्टिसंस्कार**

इस्लाम अर्थात् मुस्लिम समुदायको पनि आफ्नै प्रकारको अन्त्येष्टि वा मृत्युसंस्कार रहेको छ । इस्लाम धर्ममा पनि मृत्यु सत्य छ भन्ने मान्यता रहेको छ । इस्लाम धर्ममा रुह अर्थात् आत्मा मर्दैन बरु मोन्तकिल स्थानान्तरण हुन्छ भन्ने मान्यता रहेको पाइन्छ । जन्मिँदा रहुल अरवाहबाट आमाको गर्भमा आउँछ । आमाको गर्भबाट मृत्युलोकमा आउँछ र मृत्युलोकबाट आलमे बर्जक (कब्र) मा जान्छ । यसरी मृतक कर्मअनुसार इल्लिहन वा सिज्जिइनमा जाने उल्लेख गरिएको छ । कियामत कायम भएपछि अल्लाहको अदालतको फैसलाअनुसार जन्नत (स्वर्ग) वा जहन्नम (नर्क) मा जान्छ भन्ने भनाइ रहेको छ । जहन्नममा गएको मृतक केही कष्ट सहेर पुनः जन्नतमा जाने मौका प्राप्त गर्दछ भन्ने मान्यता रहेको छ । मृत्युलाई इस्लाम धर्ममा इन्तकाल भनिन्छ । मृतकलाई अन्त्येष्टि गर्ने क्रममा कफन दफन तयारीको अवस्था हो । व्यक्तिको मृत्यु भएपछि सकेसम्म छिटो कफन दफन गर्नुपर्छ भन्ने मान्यता पाइन्छ । मृतकका घरका र छिमेकीहरू उपस्थित भई मस्जिदमा मृत्यु खबर गर्ने जनाजा हुने समयको एलान गराइन्छ र सो जनाजा (अन्त्येष्टि) मा सहभागी भई पुण्य आर्जन गर्न सबैलाई भनिन्छ । मृतकको वसियत जस्तो छ उसको कब्रको ठाउँ वा जनाजा पढाउने व्यक्तिलाई प्रमुखता दिइन्छ । वसियत नगरेको अवस्थामा कब्र खन्ने व्यक्तिहरू खटाइन्छ । काठको बाक्सा सुन्दर आकर्षक बनाइन्छ । मृतकलाई कफनसहित मनतातो पानीमा बयरका पातहरू राखेर नुहाइन्छ र धुनी दिइन्छ । मैयत (मृतक)लाई ढाडमाथि र तल फरक फरक व्यक्तिले नुहाउने र नयाँ वस्त्र लगाइन्छ । दोस्रो नमाज जनाजाका रूपमा कब्रस्थान लैजानुपूर्व वा कब्रस्थानमा रहनभन्दा अगाडि नमाज जनाजा पढिन्छ । जनाजा अगाडि र मलामीहरू पछाडि लागेर नमाज पढ्दै मृत्युको सत्यलाई उल्लेख गरिन्छ । कब्र तयार गरेपछि कफनसहित कब्रमा राखिन्छ । धार्मिक प्रवचन दिइन्छ । जीवन छँदा मानवीय स्वभाव अनुसार तितो मिठो भए पनि मृतकका वारेससँग कसैको लेनदेन भएमा छिनोफानो गर्ने प्रस्ताव गरिन्छ । मृतकलाई माफ गर्ने निवेदन गरिन्छ । इमाम साहिबले नमाजे जनाजा पढाउँछन् । मैयतलाई सुरक्षित किसिमले राखी मट्टी (माटो) दिई अल्लाहसँग मैयतका लागि प्रार्थना गरी मलामीहरू घर फर्किन्छन् ।

शोकका सन्दर्भमा तीन दिनसम्म विशेष शोक मनाउने प्रचलन छ । आफन्छ अथवा इष्टमित्रहरू मृतकको घरमा आउने र समवेदना प्रकट गर्ने, मृतकको शान्तिको कामना गर्ने गर्दछन् । कुरानका आयतहरूको पाठ गरिन्छ । तेस्रो दिन तिजा गरिन्छ । त्यस दिन धेरै व्यक्तिहरू सँगै बसेर कुरान पढ्छन् । रातिमा गरिबहरूलाई खाना खुवाउने गरिन्छ । दशौं, बिसौं दिनमा पनि गरिबहरूलाई दान तथा भोजन दिइन्छ । इस्लाम धर्ममा मृतकको मृत्यु भएको ४० दिनमा परिवारबाट गरिबहरूका लागि भोजको आयोजना गरिन्छ । मृतकका लागि दुआ र फातिहा गरिन्छ । यस ४० दिने कार्यक्रममा आफ्ना साखै दाजुभाइहरू सम्बन्धीहरूसमेत सहभागी भई मृतकको क्रियाकर्म समाप्त हुन्छ ।

**इसाई धर्ममा अन्त्येष्टिसंस्कार**

इसाई धर्ममा मृत्युलाई जीवनको पूर्ण समाप्ति मानिदैन । मृत्यु हुनु परमप्रभुसँग मिल्नु हो भन्ने इसाई धर्मको मान्यता रहेको छ । मृत्युलाई प्रभु इसुसँग रहेर आत्मिक सुख प्राप्त गर्ने अवस्थाका रूपमा लिएर मृतकसँग स्वर्गमा पुनः भेट हुने विश्वासका साथ समाजसँग पूर्ण विछोड भएको अवस्था होइन भन्ने दृष्टिकोण पाइन्छ । इसाई धर्ममा कसैको मृत्यु भएमा शवलाई सम्मानपूर्वक उपयुक्त स्थानमा राखेर शोकाकुल परिवार वा मण्डलीलाई हार्दिकतापूर्वक समवेदना र सान्त्वना प्रदान गरिन्छ । सम्बन्धित व्यक्तिहरूलाई खबर गरिन्छ र प्रभु यशुको महिमा गायन गरिन्छ । मृत्यु हुनु भनेको प्रभुको सामीप्यताको अवसर हो । जीवनको समाप्ति होइन भन्ने मान्यताअनुसार इष्टमित्र र आफन्तको शोक स्वाभाविक मान्दै आँसु झार्नु अन्यता हुँदैन । आँसुले पनि प्रभु यशुकै बर्दानका रूपमा लिई सहने सामर्थ्य प्राप्तिको कामना गरिन्छ । प्रभु यशुतर्फ आँखा उठाएर हेर्ने उत्साहका लागि भजन गाइन्छ । बाइबल पाठ पश्चात् मृतकलाई सफा गरी नयाँ वस्त्र लगाई सोझो सुताइन्छ । परिवारका सदस्यको सल्लाहमा मृतसभाको समय निर्धारण गरिन्छ र मृतकको घरमा उपस्थित हुन भनिन्छ । शव राख्ने बाकस र शव छोप्नका लागि सेतो कपडा र समाधिस्थ गर्न खाल्डो तयार गरिन्छ । शव सजाउन फूलमाला र मधुर शोक धुन बजाइन्छ । धेरै बाजा बजाउनु उपयुक्त मानिदैन । मृतसभा सञ्चालन गर्ने कुनै निश्चित विधान नभए पनि प्रभुको महिमा गायन गर्दै मृतकप्रति आदरभाव झल्कने गरी मृतकलाई सबैले देख्ने गरी फूलमालाले सजाएर राखिन्छ । पास्टर वा एल्डर वा सञ्चालकले आगन्तुक सबैलाई स्वागत गरी प्रार्थना प्रारम्भ गर्छन् । मृतकलाई मन पर्ने गाना सुनाइन्छ । मृतकको जीवनगाथा सुनाइन्छ र मृतकका आफन्तहरूमध्ये एक जनालाई सबैलाई धन्यवाद दिएपछि बाइबल पाठ गरिन्छ । पारिवारिक सान्त्वनाका लागि प्रार्थना गरिन्छ । पर्थिव शरीरको सबैले दर्शन गरिसकेपछि परिवारका सदस्यले अन्तिम दर्शन गर्छन् र शवलाई बाकसमा राखी बाकसलाई सेतो कपडाले छोपेर फूलमालासहित मृतकका आफन्त इष्टमित्रहरूले शव बाकस काँधमा वा सवारीसाधनमा राखी अन्त्येष्टि यात्रा गरिन्छ । पर्थिव शरीरलाई समाधिष्ट गर्न लागिएको औपचारिक जानकारीसहित कुनै शोकगीत गाइन्छ । मृतकका आफन्तमध्ये एक जनाले श्रद्धाञ्जली व्यक्त गर्छन् र डोरीका सहयोगले बाकसलाई खाल्डोमा राखिन्छ । मृतक र परिवारका लागि अन्तिम प्रार्थना गरिन्छ र सर्वप्रथम परिवारले त्यसपछि उपस्थित सबैलाई माटो दिन भनिन्छ । राम्रोसँग पुरेपछि जनावरले खोस्रन नपाओस् भनी ढुङ्गाले र त्यसमाथि फूलले छोपिन्छ । अन्त्यमा ईश्वरको छोटो प्रार्थनापछि सबैले हात धुने, चियाखाजा खाने र मृतकको परिवारको सुविधा र आवश्यकता अनुसार सायंकालमा प्रार्थना गर्न अथवा सङ्गति दिन जाने गरिन्छ । यसरी शव समाधिष्थ गरेपछि इसाई धर्ममा अन्त्येष्टि संस्कार समाप्त हुन्छ । अन्य धर्ममा जस्तो क्रिया बस्ने वा यति दिन जुठो बार्ने भन्ने संस्कार इसाई धर्ममा छैन । मृतकका घरमा सान्त्वता दिन आउने प्रचलन भने रहेको पाइन्छ । शोकमा सङ्गीत, प्रार्थना, भजन गरिन्छ । अनिवार्य नभए पनि स्वास्थ्यका दृष्टिले मलामीबाट फर्केपछि नुहाउनु उचित मानिन्छ ।

**मानवसभ्यतामा संस्कारहरूको महत्त्व**

व्यक्तिलाई अनुशासित, शिक्षित, प्रतिभाशाली, सफल र समाज एवं राष्ट्रप्रति जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने उद्देश्यले प्राचीन ऋषिमुनिहरूले विभिन्न संस्कारहरूको वैज्ञानिक चिन्तन गरी सांस्कारिक उपायका रूपमा उल्लेख गरेका हुन् । यी संस्कारहरू मनोवैज्ञानिक र सामाजिक आधारबाट निर्माण गरिएका थिए । यिनलाई सोही रूपमा लिँदा नै सान्दर्भिकता रहन्छ । समाजमा सुकृतभन्दा विकृत र असलभन्दा खराब तत्त्व बढी पाइने भएकाले तिनको प्रभाव बालबालिकाको मस्तिष्कमा पर्न जाने र विस्तारै बानीमा परिणत हुँदा हटाउन नसकिने हुन्छ । कुलतमा फसेका पात्रहरूलाई सुधार्न नसकिनु, जीवन र घर बर्बात हुनु जस्ता पत्यक्ष प्रमाणहरू हामी वरिपरिनै छन् । अतः कठोर नियममा रहेर ज्ञान, गुण र त्यागले सुसंस्कृत आचार्यका जिम्मा लगाई किशोरलाई उच्च सांस्कृतिक वरणसहित अशल, अनुशासित, सभ्य र ज्ञानगुणलेयुक्त बनाई घर, परिवार, समाज र राष्ट्रप्रति जागरुक बनाउने उद्देश्यले संस्कारहरूलाई व्यवस्थित गरिएको छ ।

**निष्कर्ष**

संसारको सबैभन्दा प्राचीनतम् ग्रन्थ ऋग्वेद हो भने ऋग्वेददेखि नै विभिन्न ऋचाहरू हुँदै वैदिक साहित्य, लौकिक साहित्यसम्म आइपुग्दा हिन्दु धर्मका संस्कारहरू अत्यन्त विकसित भएको पाइन्छ । विश्वमा विभिन्न धर्म र धार्मिक सम्प्रदायहरू छन् । मुलतः हिन्दु, बौद्ध, इस्लाम र इसाई चारवटा धर्म र यिनीभित्रका प्रशस्तै सम्प्रदायहरू रहेका छन् । स्थान, समय, जाति र प्रचलनअनुसार एउटै धर्मका पनि विभिन्न समुदायमा भिन्नभिन्न प्रकारले जातीय एवं धार्मिक संस्कारहरूको प्रचलन रहेको छ । हिन्दु धर्ममा जन्मदेखि मृत्युसम्मका १६ संस्कार र दश कर्मको व्याख्या र विवेचना भएको छ । अन्य धर्ममा पनि जन्म, नामकरण, विवाह र अन्त्येष्टिसंस्कार रहेका छन् । सबै धर्ममा आत्मा परमात्मको उल्लेख गरिएको छ र ईश्वरमा विलय हुने कुरा उल्लेख गरिएको छ ।

हिन्दु धर्ममा विशद व्यापक, कतिपय वैज्ञानिक रूपमा विवेच्य र प्रामाणिक संस्कारहरू पनि छन् । मानिसको जन्म र मृत्यु अनिवार्य छ भन्ने कुरा सबै धर्मसंस्कारमा रहेको छ । हिन्दु धर्ममा विशेषरूपले शरीर जीर्ण भएर आत्माले छोड्ने र पुनरजीवन प्राप्त गर्ने दार्शनिक चिन्तन पाइन्छ । आत्मालाई अजर अमर मानिएको छ र हिन्दु धर्मग्रन्थहरू श्रुतिस्मृति हुँदै लौकिक साहित्यका रामायण, महाभारत र तत्पश्चात् वैज्ञानिक रूपले परीक्षण गरिएका अवस्थामा केही उपयुक्त र केही परम्पराका रूपमा संस्कारलाई प्रयोग गर्दै आएको पाइन्छ । विशेषतः मृत्युसंस्कार हिन्दु समाजमा अझ ब्राह्मणक्षेत्रीहरूमा अत्यन्त झन्झटिलो र लामो छ । तथापि आफूलाई जन्मदिने पालनपोषण गर्ने, शिक्षादीक्षा दिने मातापितालगायत अभिभावकहरू अथवा आफ्ना सन्ततिहरू जसकसैकोपनि मृत्युमा पीडाबोध हुनु र मृतकको शान्तिको लागि विभिन्न कर्महरू गर्नु भावनात्मक रूपमा मृतकसँग जोडिने कर्म हो । यो धार्मिक संस्कार वा अन्धविश्वास कुरामात्र नभई पारिवारिक आत्मीयता, आदर्श र हार्दिकताको विषयमा पनि भएकाले मृत्युसंसकार गर्ने गरिएको छ ।

हिन्दु धार्मिकग्रन्थहरूमा मरणासन्न व्यक्तिलाई राख्नेदेखि मृत्यु भएपछि राख्ने र दाहसंस्कार वा अन्त्येष्टि गर्ने स्थानसमेतको शुद्धताको व्याख्या गरिएको छ । मरेपछि स्वर्ग गइने वा वैकुण्ठधाम गइने विश्वासले नदी किनारमा अग्निदाह गरी विशेष किसिमले मृतकको विसर्जन गरी १३ दिनसम्म विशेष किसिमले श्राद्ध तर्पणलगायतका कर्म गर्ने र मासिक, ४५ दिन, षड्मासिक र वार्षिकसम्म आशौच बार्ने र बरखीपछि मात्र घर शुद्ध गर्ने लामो प्रचलन रहेको छ । यसका साथै आफ्नो जीवनभर वार्षिक रूपमा मृतकको श्राद्ध गरेर पितृस्मरण गर्ने र पितृमोक्षको कामना गर्दै पिण्ड दान र तर्पण गर्ने गरिन्छ । यसरी अन्त्येष्टि कर्म गर्ने प्रचलन सबै धर्ममा आआफ्नै किसमको रहेको छ । हिन्दुहरूको अन्त्येष्टि कर्म गर्दा नदी किनार वा पवित्रस्थलमा गर्नुपर्ने प्रावधान रहेको छ । यसको उद्देश्य दाहसंस्कार वा मृतकको अन्त्येष्टि कर्म व्यवस्थित रूपमा गर्न सकियोस् भन्ने नै हो । व्यक्तिले जीवनभर अनेकौँ दुख, सङ्घर्ष गर्दछ । मृत्युपश्चात् उसको जीवनलाई सफल र असल जीवनको रूपमा दाहसंस्कार गरी उसका कर्महरूको स्मरण र उसको मुक्तिको कामना गर्नु परिवार आफन्त र सम्बन्धित सबैको कर्तव्य हो ।

**सन्दर्भसामग्री**

आचार्य, शिवराज कौन्डिन्यायन (२०६५), *अन्त्यकर्मपद्धति,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

क्षेत्री गणेश र खतिवडा सोमप्रसाद (२०५४), *हिन्दु समाज र धर्म,* बिराटनगर : शिवा प्रकाशन ।

खत्री, प्रेम (२०७४) *नेपालका जातीय संस्कार भाग ७,* काठमाडौँ : ने.प्र.प. ।

बानियाँ, चद्रप्रकाश (२०७५), *मृत्युसंस्कार मन्थन,* काठमाडौँ : ज्ञानज्योति बुक्स पब्लिकेसन ।

आचार्य, तुलसी टीका. (२०७८), *मनुस्मृति,वाराणसी* : दुर्गा साहित्य भण्डार।

बज्राचार्य, बाबुराजा (२०७९), 'सप्त विधान उत्तर पूजा', *भ्वाइस अफ कल्चर,* अङ्क ९, आश्विन ।

भिक्षु, विज्ञान (२०७९), '*विश्व धर्म*', काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुवेदी, मधुसूदन (२०७६) *श्री गरुड पुराण,* ललितपुर : श्रीमती सानु मैया सुवेदी ।